महालेखापरीक्षकको
पाँचौं वार्षिक प्रतिवेदन
२०७९

मिक्लाजुङ गाउँपालिका

पाँचथर

महालेखापरीक्षकको कार्यालय

काठमाडौं, नेपाल

महालेखापरीक्षकको
पाँचौं वार्षिक प्रतिवेदन
२०७९

मिक्लाजुङ गाउँपालिका

पाँचथर



महालेखापरीक्षकको कार्यालय

काठमाडौं, नेपाल

महालेखापरीक्षकको
पाँचौं वार्षिक प्रतिवेदन
२०७९

मिक्लाजुङ गाउँपालिका

पाँचथर

महालेखापरीक्षकको कार्यालय

काठमाडौं, नेपाल

दूरदृष्टि (VISION)

जवाफदेहिता, पारदर्शिता र निष्ठा प्रवर्द्धन गर्ने विश्वसनीय संस्था

(Be Credible Institution in Promoting Accountability, Transparency and Integrity)

गन्तव्य (MISSION)

राष्ट्रलाई स्वतन्त्र एवं गुणस्तरीय लेखापरीक्षण सेवा प्रदान गर्ने

(Provide independent and Quality Audit Service to Nation)

मूल्य मान्यता (Core Values)

निष्ठा	*(Integrity)*
स्वतन्त्रता	*(Independence)*
व्यावसायिकता	*(Professionalism)*
पारदर्शिता	*(Transparency)*
जवाफदेहिता	*(Accountability)*

महालेखापरीक्षकको भनाइ

नेपालको संविधानको धारा २४१ मा संघ, प्रदेश र स्थानीय तहका सबै सरकारी कार्यालयको लेखा कानुनबमोजिम नियमितता, मितव्ययिता, कार्यदक्षता, प्रभावकारिता र औचित्यसमेतको विचार गरी महालेखापरीक्षकबाट लेखापरीक्षण हुने व्यवस्था छ । लेखापरीक्षण ऐन, २०७५ को दफा २०(२) मा महालेखापरीक्षकले प्रत्येक स्थानीय तहको लेखापरीक्षण सम्पन्न गरी अलग अलग प्रतिवेदन जारी गर्न सक्ने व्यवस्था छ । सोही व्यवस्थाबमोजिम स्थानीय तहको २०७८/७९ को आर्थिक कारोबारको लेखापरीक्षण सम्पन्न गरी यो प्रतिवेदन जारी गरिएको छ।

स्थानीय तहको लेखापरीक्षण नेपालको संविधान, लेखापरीक्षण ऐन, नेपाल सरकारी लेखापरीक्षणमान, वित्तीय लेखापरीक्षण मार्गदर्शन, स्थानीय तह लेखापरीक्षण निर्देशिका, महालेखापरीक्षकको वार्षिक लेखापरीक्षण योजना र स्थानीय तहसँग सम्बन्धित ऐन, नियमको आधारमा सम्पन्न गरिएको छ । लेखापरीक्षणको उद्देश्यमा वित्तीय विवरणको शुद्धता, प्रचलित कानुनको पालना, बजेट तथा योजना तर्जुमा एवं कार्यक्रम कार्यान्वयन, खरिद व्यवस्थापन, सार्वजनिक सम्पत्तिको संरक्षण र उपयोग, जिम्मेवारी, जवाफदेहिता एवं पारदर्शिता र सेवा प्रवाहको अवस्था मूल्याङ्कन गर्नु साथै स्रोत साधनको प्राप्ति र परिचालन सम्बन्धमा नियमितता, मितव्ययिता, कार्यदक्षता र प्रभावकारिता भए नभएको विश्लेषण गरी वित्तीय व्यवस्थापनमा सुधारका लागि सुझाव प्रदान गरी सुशासन प्रवर्द्धनमा टेवा पुऱ्याउनु रहेको छ । आर्थिक वर्ष २०७८/७९ को लेखापरीक्षण सम्पन्न भएपश्चात जारी गरिएको प्रारम्भिक प्रतिवेदन उपर प्राप्त प्रतिक्रियाका विषयहरू मिलान गरी कायम रहेका व्यहोरा समावेश गरेर रायसहितको अन्तिम प्रतिवेदन पठाइएको छ ।

यस वर्षको लेखापरीक्षणबाट देखिएका व्यहोराहरु मूलतः आवश्यक कानुनहरु तर्जुमा नगरेको, तर्जुमा भएका कानुनहरु राजपत्रमा प्रकाशन नगरेको, आन्तरिक आय र राजस्व बाँडफाँटको प्रक्षेपण यथार्थपरक नरहेको, आन्तरिक आय न्यून रहेको, बक्यौता असुलीमा प्रभावकारिता नआएको, बजेट अनुशासन कमजोर रहेको, खर्च पश्चात बजेट तथा कार्यक्रम संशोधन गरेको, वर्षान्तमा बढी खर्च गरेको, खरिद कानुन विपरीत सोझै खरिद गरेको, प्रशासनिक खर्च बढ्दै गएको बाँकी अनुदान बर्षान्तमा फिर्ता नगरेको, अनुत्पादक तथा वितरणमुखी खर्च गरेकोलगायतका छन् । त्यसैगरी विकास निर्माणतर्फ योजना प्राथमिकीकरण नगरेको, टुक्रे आयोजनाको छनौट गरी खर्च गरेको, विस्तृत आयोजना प्रतिवेदन तयारीमा परामर्शदातामाथि निर्भर रहेको, जटिल प्रकृतिका कार्यहरू समेत उपभोक्ता समितिबाट गराएको, जनसहभागिता नजुटेको जस्ता समस्या रहेका छन् ।

स्थानीय तहको आन्तरिक व्यवस्थापनतर्फ दरबन्दी अनुसार पदपूर्ति नभएको, दरबन्दी वेगरका कर्मचारी नियुक्ति गरेको, उपभोक्ता समितिको कार्यमा सेवा प्रवाह सहज र व्यवस्थित नभएको, सार्वजनिक सम्पत्ति व्यवस्थापन प्रणालीमा जिन्सी एंव सम्पत्ति अभिलेख नराखेको, सञ्चालित योजना, कार्यक्रम तथा सेवा प्रवाहको अभिलेख नराखेको, बैङ्क हिसाब नभिडेको, लेखाङ्कन तथा समग्र प्रतिवेदन प्रणाली र आन्तरिक नियन्त्रण कमजोर रहेको पाइएको छ। स्थानीय तहमा महालेखापरीक्षकको लेखापरीक्षण प्रतिवेदन उपर छलफल र बेरुजु फस्यौंट सम्बन्धी स्पष्ट कार्यविधि तर्जुमा भएको देखिएन । लेखापरीक्षणबाट औंल्याएका व्यहोराहरू आवश्यक कारवाही गरी वित्तीय अनुशासन कायम गर्नुपर्दछ।

समय र जनशक्तिको सीमितताको बाबजुद यथासम्भव स्थानीय तहको कार्यस्थलमा नै उपस्थित भई लेखापरीक्षण गरिएको र लेखापरीक्षणको क्रममा लेखापरीक्षण टोलीले स्थानीय तहका प्रमुख सहितका पदाधिकारीहरूसँग छलफल समेत गरिएको छ। लेखापरीक्षण प्रतिवेदनमा उल्लेख भएका व्यहोराको कार्यान्वयनबाट स्थानीय तहको वित्तीय व्यवस्थापन, विकास निर्माण र सेवा प्रवाहमा सुधार हुने अपेक्षा गरेको छु । स्थानीय तहको लेखापरीक्षणमा सहयोग पुऱ्याउने स्थानीय तहका सबै पदाधिकारी तथा कर्मचारीहरू र लेखापरीक्षण कार्यमा संलग्न यस कार्यालयका कर्मचारीहरूको कार्यसम्पादनको उच्च मूल्याङ्कन पार्दै विशेष धन्यवाद दिन चाहन्छु।

(टंकमणि शर्मा दंगाल)

२०७९ चैत्र

महालेखापरीक्षक

महालेखापरीक्षकको कार्यालय
Office of the Auditor General
अनामनगर, काठमाडौं, नेपाल
Anamnagar, Kathmandu, Nepal
प्रादेशिक लेखापरीक्षण महानिर्देशनलय
कोशी प्रदेश

पत्र संख्याः २०७९।८०
च.नं. १३४

मितिः २०७९।१२।२९

विषयः लेखापरीक्षण प्रतिवेदन ।

श्री अध्यक्षज्यू,
मिक्लाजुङ गाँउपालिका, गाँउकार्यपालिकाको कार्यालय, पाँचथर।

१. **कैफियत सहितको राय -** हामीले मिक्लाजुङ गाँउपालिकाको आर्थिक वर्ष २०७८/७९ को वित्तीय विवरण र त्यससँग सम्बन्धित अन्य विवरण तथा लेखा टिप्पणीहरूको लेखापरीक्षण गरेका छौं ।

हाम्रो रायमा, यस प्रतिवेदनको कैफियत सहितको राय व्यक्त गर्ने आधार खण्डमा उल्लेख भएका विषयले पार्ने असर बाहेक, पेस भएको २०७९ आषाढ ३२ मा समाप्त भएको आर्थिक वर्ष २०७८/७९ को वित्तीय विवरण र त्यससँग सम्बन्धित अन्य विवरणले स्थानीय तहसँग सम्बन्धित प्रचलित कानुनबमोजिम सारभूतरुपमा सही तथा यथार्थ अवस्था चित्रण गर्दछ।

२. **कैफियत सहितको राय व्यक्त गर्ने आधार**

२.१. गाउँपालिकाले महालेखापरीक्षकबाट स्वीकृत नेपाल सार्वजनिक क्षेत्र लेखामानको ढाँचा पूर्ण रुपमा प्रयोग गरी वित्तीय विवरण तयार गरेको छैन ।

२.२. लेखापरीक्षणबाट रू. १५ करोड ३२ लाख ४६ हजार बेरुजु देखिएको छ। सोमध्ये त्यँहाबाट कुनै पनि प्रतिक्रिया उपलब्ध नभई बाँकी बेरुजु असुल गर्नुपर्ने रू. २ करोड ६४ लाख ५ हजार, प्रमाण कागजात पेस गर्नुपर्ने रू. ११ करोड ८० लाख ८७ हजार, नियमित गर्नुपर्ने रु ८७ लाख ५४ हजार रहेको छ ।पालिकाको गतवर्ष सम्म रु ८ करोड ७२ लाख ५७ हजार बेरुजु बाँकी रहेकोमा यसवर्ष समायोजन र सम्परीक्षणबाट फछर्यौट एवं यो वर्ष कायम भएको बेरुजु समेत हालसम्मको अद्यावधिक बेरुजु रु २४ करोड ५ लाख ३ हजार रहेको छ । गाउँपालिकाको **बेरुजु वर्गीकरण र अद्यावधिक बेरुजु स्थितिको व्यहोरा यसैसाथ संलग्न छ ।**

२.३. गाउँपालिकाको लेखापरीक्षणबाट स्रोत र साधनको प्राप्तिको प्रक्षेपण यथार्थपरक नभएको, असुली लक्ष्यअनुसार नभएको, कर्मचारीको दरबन्दीअनुसार स्थायी पदपूर्ति नभएका कारण विकास निर्माण र सेवा प्रवाहमा प्रभावकारिता नआएको, अनुदानको पर्याप्त अनुगमन नभएको, वितरणमुखी कार्यक्रम सञ्चालन गरेको, आन्तरिक नियन्त्रण प्रणाली कमजोर रहेको, लगायतका व्यहोरा लेखापरीक्षण प्रतिवेदनमा औंल्याइएको छ।कार्यालयबाट सम्प्रेषित लेखापरीक्षणको प्रारम्भिक प्रतिवेदन यसको अङ्गको रुपमा रहेको छ ।

२.४. आम्दानी तथा खर्चको स्रेस्ता नगदमा आधारित लेखा प्रणाली अवलम्बन गरेकोले पालिकाको पेश्की बाहेक सम्पत्ति तथा दायित्व यकिन हुने कुनै जानकारी खुलाएको छैन ।

हाम्रो लेखापरीक्षण कार्य नेपालको संविधान, लेखापरीक्षण ऐन तथा महालेखापरीक्षकको कार्यालयले अवलम्वन गरेका सरकारी लेखापरीक्षण मानदण्ड, मार्गदर्शन तथा लेखापरीक्षणसँग सम्बन्धित अन्य प्रचलित कानुनबमोजिम गरिएको छ । वित्तीय विवरण तयार गर्ने स्थानीय तहसँग हामी स्वतन्त्र छौं। त्यसैगरी स्वीकृत आचारसंहिताको पालना गरी कार्यसम्पादन गरेका छौं ।लेखापरीक्षणको क्रममा प्राप्त गरेका लेखापरीक्षण प्रमाणहरू हाम्रो राय व्यक्त गर्ने आधारका लागि पर्याप्त र उपयुक्त छन् भन्ने कुरामा कार्यालय विश्वस्त छ।

३. **वित्तीय विवरणउपर व्यवस्थापन र लेखाउत्तरदायी अधिकारीको जिम्मेवारी**

आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व ऐन, २०७६ र स्थानीय सरकार सञ्चालन ऐन, २०७४ तथा अन्य प्रचलित कानुन बमोजिम सही र यथार्थ हुने गरी वित्तीय विवरण तयार गर्ने तथा जालसाजी वा अन्य गल्तीका कारण वित्तीय विवरण सारभूतरूपमा गलत आँकडा रहित स्वरूपमा बन्ने गरी आवश्यक आन्तरिक नियन्त्रण प्रणाली लागू गर्ने जिम्मेवारी पालिका व्यवस्थापनमा रहेको छ।गाउँ कार्यपालिका, अध्यक्ष र प्रमुख प्रशासकीय अधिकृत गाउँपालिकाको वित्तीय प्रतिवेदन प्रक्रियाको अनुगमनका लागि जिम्मेवार रहेका छन्।

४. **वित्तीय विवरणको लेखापरीक्षणउपर लेखापरीक्षकको जिम्मेवारी**

वित्तीय प्रतिवेदन समग्रमा जालसाजी वा अन्य गल्ती समेतका कारण सारभूतरूपमा गलत आँकडा रहित होस् भनी उचित आश्वस्तता प्राप्त गरी रायसहितको लेखापरीक्षण प्रतिवेदन जारी गर्नु लेखापरीक्षणको उद्देश्य हो।लेखापरीक्षणमा उचित आश्वस्तताले सामान्यस्तरको आश्वस्ततासम्म प्रदान गरेको हुन्छ, तर लेखापरीक्षण ऐन तथा महालेखापरीक्षकको कार्यालयले अवलम्वन गरेका नेपाल सरकारी लेखापरीक्षण मानदण्ड, मार्गदर्शन तथा लेखापरीक्षणसँग सम्बन्धित अन्य प्रचलित कानुनबमोजिम गर्ने लेखापरीक्षण सम्पादन भएकै अवस्थामा पनि सबै प्रकारका जालसाजीजन्य वा अन्य गल्ती पत्ता लगाउन सक्ने निश्चितता भने हुँदैन। वित्तीय विवरणका उपयोगकर्ताले सामान्यतया गर्ने आर्थिक निर्णयमा नै फरक पार्न सक्ने अवस्था देखिएका एउटै वा समग्रतामा हुने विशेष वा जालसाजीजन्य वा अन्य गल्तीलाई सारभूतरूपमा गलत आँकडा मानिएको छ।

(पद्मप्रसाद आचार्य)
नायब महालेखापरीक्षक

मिक्लाजुङ गाँउपालिका
पाँचथर

१. चालु वर्षको बेरुजु २०७८।७९

१.१. बेरुजु बर्गिकरण (बिनियोजन, राजस्व, धरौटी र अन्य कारोबार)

(रु. हजारमा)

प्रारम्भिक बेरुजु			**प्रतिक्रियाबाट फछ्यौंट**			**बाँकी बेरुजु**			**बेरुजु**						
									असुल गर्नुपर्ने	नियमित गर्नुपर्ने					पेस्की
दफा संख्या		रकम	दफा संख्या		रकम	दफा संख्या		रकम		अनियमित भएको	प्रमाण कागजात पेश नभएको	राजस्व लगत जिम्मेवारी नसारेको	सोधभर्ना नलिएको	जम्मा	
सैद्धान्तिक	लगती		सैद्धान्तिक	लगती		सैद्धान्तिक	लगती								
२६	६९	१५३२४६	०	०	०	२६	६९	१५३२४६	२६४०५	८७५४	११८०८७	०	०	१२६८४१	०

१.२ प्रतिक्रियाबाट फस्यौंट गरिएका दफाहरुको स्विकृत विवरण

क्र.सं	**प्रारम्भिक प्रतिवेदनको दफा नं.**	**छोटकरी व्यहोरा**	**रकम रु.**
प्रतिकृयाबाट बेरुजु नहटेको			

२. अद्यावधिक बेरुजु स्थिति २०७८।७९

(रु. हजारमा)

जिल्ला	गत वर्ष सम्मको बाँकी	समायोजन	यो वर्षको फछ्यौंट	बाँकी बेरुजु	यो वर्ष सम्परीक्षणबाट कायम बेरुजु	यो वर्षको बेरुजु	कुल बेरुजु बाँकी
मिक्लाजुङ गाँउपालिका, पाँचथर	८७२५७	०		८७२५७	०	१५३२४६	२४०५०३

आर्थिक कारोबारको स्थिति

आर्थिक बर्षः २०७८/७९

कार्यालय र स्थान : मिक्लाजुङ गाउँपालिका, पाँचथर , मिक्लाजुङ गाउँपालिका , पाँचथर

पद	नाम	कार्यकाल सुरु मिति	कार्यकाल समाप्त मिति
कार्यालय प्रमुख	Agni Prasad Chamlagai	२०७९-५-२९	हाल सम्म कार्यरत
कार्यालय प्रमुख	अनिल तिखत्री	२०७७-५-२४	२०७८-१२-२२
कार्यालय प्रमुख	Bhakta Bahadur Bhattarai	२०७८-१२-२३	२०७९-४-२२
लेखा प्रमुख	Dipendra Kumar Chemjong	२०७६-१-१२	हाल सम्म कार्यरत
		बेरुजु रकम	१५३,२४६,४४६.०१

स्थानीय तह :

गत बर्षको जिम्मेवारी		८,३९,९८,१८३.७१	
आम्दानी		**खर्च**	
संघीय सरकारबाट अनुदान	५०,२७,२६,०८१.२७	**चालु खर्च**	४५,४५,४३,५४३.५५
प्रदेश सरकारबाट अनुदान	४,९०,१४,०७९.९४	**पूँजीगत खर्च**	२३,८४,२३,३४३
राजश्व बाँडफाँट	८,९३,३१,१२४.७२	**वित्तीय/अन्य व्यवस्था**	०
आन्तरिक आय	४०,४७,१४१.३२		
अन्य आय	२,६६,९५,७९९		
कुल आय	६७,१८,१४,२२६.२५	**कुल खर्च**	६९,२९,६६,८८६.५५
बाँकी मौज्दात		४,३५,३१,१९७.७९	

क्रम	भौचर नम्बर	भौचर मिति	बिषय	बेरुजु रकम
१			**परिचयः** स्थानीय नेतृत्वको विकास गर्दै स्थानीय शासन पद्धतिलाई सुदृढ गरी स्थानीयतहमा विधायिकी, कार्यकारिणी र न्यायीक अभ्यासलाई संस्थागत गर्न र स्थानीय सरकारको सञ्चालन गर्न २०७३ मा मिक्लाजुङ्ग गाउँपालिकाको स्थापना भएको हो ।स्थानीय सरकारले सञ्चालन गर्ने हरेक कार्यमा सहकारिता, सहअस्तित्व र समन्वयलाई प्रर्वद्धन गर्नु र स्थानीय सरकारका हरेक काममा जनसहभागिता, उत्तरदायित्व, पारदर्शिता सुनिश्चित गरी नागरिकलाई लाभको वितरणमा सुलभ र गुणस्तरीय सेवा प्रदान गर्नु हो। १ नं. प्रदेशको पाँचथर जिल्लामा रहेको मिक्लाजुङ्ग गाउँपालिकाको क्षेत्रफल १६६.६१ वर्गकिलोमिटर, जनसंख्या २१३२८ र वडा संख्या ८ रहेको छ।	
२			**लेखापरीक्षणः** उल्लेखित कारोबारको लेखापरीक्षण समष्टिगत लेखापरीक्षण योजना, इकाइगत लेखापरीक्षण योजना, प्रेषित आर्थिक विवरण, जिन्सी निरीक्षण प्रतिवेदन, प्रगति प्रतिवेदन, व्यवस्थापन प्रतिनिधित्वपत्र एंव अनुबन्धनपत्र, आन्तरिक लेखापरीक्षण प्रतिवेदन र अन्य विवरण समेतलाई आधारमानी सम्पन्न गरिएको छ। लेखापरीक्षण टोलीमा रहेको सीमित साधन र श्रोत, सूचनाको पहुचमा हुने सीमितता, कम समयमा धेरै कार्यक्षेत्रको लेखापरीक्षण गर्नुपर्ने विद्यमान अवस्था, प्राविधिक ज्ञानको सीमितता, कारोबारको जटिलता जस्ता कारण सम्पूर्ण आर्थिक कारोबारको परीक्षणमा कठिनाई जस्ता सीमाहरु लेखापरीक्षणमा रहेका छन्। लेखापरीक्षण ऐन, २०७५ को दफा ३ र लेखापरीक्षणका अन्तर्राष्ट्रिय मानदण्ड तथा मार्गदर्शनमा समेत नमूना छनौट गरी लेखापरीक्षण सम्पन्न गर्न सकिने आधार तथा कार्यालयले निक्यौंल गरेको जोखिममा आधारित स्वीकृत लेखापरीक्षण योजना भित्र रही लेखापरीक्षण सम्पन्न गरी प्रतिवेदन जारी गरिएको छ। सारभूतरुपमा उल्लेखनीयन नदेखिएका व्यहोराहरुलाई प्रतिवेदनमा समावेश गरिएको छैन। लेखापरीक्षणबाट देखिएका व्यहोरा निम्नअनुसार छ ।	
३			**गाउँपालिकाले पेश गरेको आर्थिक बिबरणः**	

गाउँपालिकाको आ.ब २०७८।७९ को आय-व्यय बिवरण(म.ले.प २७२)

विवरण	यस वर्ष रु.			
	बजेट	आफैले गरेको प्राप्ति/भुक्तानी	वस्तुगत/सोझै भुक्तानी	जम्मा
प्राप्ती (क+ख)	६०१,१६१,५५६.९६	५३८,९२४,४०१.२५		५५८,५१३,३७२.९७

क्रम	भौचर नम्बर	भौचर मिति	बिषय	बेरुजु रकम

क. प्राप्ति (संचितकोषमा आम्दानी बाँधिने)	५७७,४०९,४९५.९७	५३१,८१७,५७३.२५	०	५३१,८१७,५७३.२५
११००० कर	८९,८८०,५४०.००	८९,३३१,१२४.७२	०	८९,३३१,१२४.७२
१३००० अनुदान	४८४,३५९,०००.००	४३८,४३९,३०७.२१	०	४३८,४३९,३०७.२१
संघीय सरकार	४२५,३१२,०००.००	३८९,४२५,२२७.२७	०	३८९,४२५,२२७.२७
प्रदेश सरकार	५९,०४७,०००.००	४९,०१४,०७९.९४	०	४९,०१४,०७९.९४
१४००० अन्य राजस्व	३,१६९,९५५.९७	१,७८३,७३३.३२	०	१,७८३,७३३.३२
१५००० विविध प्राप्ति	०	२,२६३,४०८.००	०	२,२६३,४०८.००
ख. अन्य प्राप्ति	२३,७५२,०६०.९९	७,१०६,८२८.००		२६,६९५,७९९.७२
वितरण गर्न बाकी राजस्व	०	०	०	०
कोषहरु	२३,७५२,०६०.९९	३,१०२,०००.००	०	२२,६९०,९७१.७२
धरौटी	०	४,००४,८२८.००	०	४,००४,८२८.००

क्रम	भौचर नम्बर	भौचर मिति	बिषय					बेरुजु रकम
			संघीय प्रदेश सरकार वा अन्य कार्यक्रम	०	०	०	०	
			भुक्तानी (ग+घ)	७१४,५९७,४५१.३०	६०२,११४,०३५.११		६०२,११४,०३५.११	
			ग. भुक्तानी (सञ्चित कोषबाट)	६९०,८४५,३९०.३१	५७९,६६६,०४१.५५		५७९,६६६,०४१.५५	
			२१००० पारिश्रमिक / सुविधा	२०९,९४४,६०५.००	२०३,६५०,२८१.२७	०	२०३,६५०,२८१.२७	
			२२००० मालसामान तथा सेवाको उपयोग	१६३,७५१,४१८.३१	१४९,४२६,६२७.३४	०	१४९,४२६,६२७.३४	
			२५००० सहायता (Subsidy)	१,०२३,०००.००	१,०२२,९९९.८३	०	१,०२२,९९९.८३	
			२६००० अनुदान	११,२३७,०००.००	४,८८९,९९९.११	०	४,८८९,९९९.११	
			२७००० सामाजिक सुरक्षा	१०,७११,०००.००	४,४६९,९३६.००	०	४,४६९,९३६.००	

क्रम	भौचर नम्बर	भौचर मिति	बिषय	बेरुजु रकम

२८००० अन्य खर्च	२,३३५,०००.००	२,२७६,४४४.००	०	२,२७६,४४४.००
३१००० गैर वित्तीय सम्पत्ती / पूँजीगत खर्च	२९१,८४३,३६७.००	२१३,९२९,७५४.००	०	२१३,९२९,७५४.००
घ. अन्य भूक्तानी	२३,७५२,०६०.९९	२२,४४७,९९३.५६		२२,४४७,९९३.५६
कोषहरु	२३,७५२,०६०.९९	२१,६९५,५४९.९७	०	२१,६९५,५४९.९७
धरौटी	०	१,२७४,६७८.००	०	१,२७४,६७८.००
संघीय प्रदेश सरकार वा अन्य कार्यक्रम	०	०	०	०
कट्टी रकम भुक्तानी/दाखिला गर्न बाकी		-५२२,२३४.४१		-५२२,२३४.४१
ङ. यो वर्षको बचत (न्युन)	-११३,४३५,८९४.३४	-६३,१८९,६३३.८६		-४३,६००,६६२.१४
च. गतवर्षको जिम्मेवारी रकम (अ.ल्या)		२६,६२५,५९१.७२		२६,६२५,५९१.७२

<table>
<tr><th>क्रम</th><th>भौचर नम्बर</th><th>भौचर मिति</th><th>बिषय</th><th>बेरुजु रकम</th></tr>
<tr><td></td><td></td><td></td><td>
<table>
<tr><td>वर्षान्तको बाकी रकम (ङ + च)</td><td>-११३,४३५,८९४.३४</td><td>-३६,५६४,०४२.१४</td><td></td><td>-१६,९७५,०७०.४२</td></tr>
<tr><td></td><td></td><td></td><td></td><td></td></tr>
<tr><td>बैंक तथा नगद बाकी</td><td></td><td>-३६,५६४,०४२.१४</td><td></td><td>-३६,५६४,०४२.१४</td></tr>
</table>
आर्थिक बिवरण उपर राय:
१.गाउँपालिकाले अन्तर सरकारी बिनियोजन (अस्पताल भवन र सामाजिक सुरक्षा रकम) गरी रु ११३३००८४५ समेत समावेश गरी एकिकृत आर्थिक बिवरण तयार गरेको छैन ।
२. गाउँपालिकाले आर्थिक बर्ष २०७७।७८ मा बाँकी अन्तिम मौज्दात रु ८३९९८१८३.७१ आर्थिक बर्ष २०७८।७९ मा अगाडि ल्याउनु पर्नेमा रु ७०३६६२० मात्र अगाडि ल्याएकोमा रु ७६९६१५६३.७१ कम अल्या गरेकोले फरक परेको रकमको हिसाब मिलान प्रमाण पेश गर्नु पर्दछ ।
३. बैङ्कको असार मसान्तको अन्तिम मौज्दात रु ४३५३११९७.७९ रहेकोमा स्रेस्ता अनुसार बैंङ्क बाँकि रु (३६५६४०४२.१४) देखिएकोले फरक परेको रु ८००९५२३९.९३ स्रेस्ता र बैङ्कको बिवरण एकिन गरी हिसाब मिलान गरी बिवरण पेश गर्नु पर्दछ ।
४. गाउँपालिकाले पेश गरेको प्रमाणित बित्तिय बिवरणमा आर्थिक बर्ष २०७८।७९ को अगाडि ल्याएको रकम रु ७०३६६२० रहेकोमा पुन पेश भएको म.ले.प फाराम २७२ बमोजिमको आर्थिक बिबरणमा २६६२५५९१.७२ पेश भएकोमा आर्थिक बिवरणमा फरक परेको रु. १९५८८९७१.७२ एकिन गरी बिवरण पेश गर्नु पर्दछ ।
५. कोलेनिकाबाट संघीय सरकारको अनुदान रु ४११२८९९८९ निकासा भएको देखिए पनि गाउँपालिकाले रु ३८९४२५२२७. २७ मात्र आम्दानी बाधेको देखिएकोले रु २१८६४७६१.७३ आम्दानी बाधेको देखिएन । यस आम्दानी समेत एकिन गरी आर्थिक बिवरण पेश गर्नु पर्दछ ।
</td><td></td></tr>
<tr><td>४</td><td></td><td></td><td>यस गाउँपालिकाको आर्थिक बर्ष २०७७।७८ को अन्तिम बैङ्क मौज्दात रु ८३९९८१८३.७१ रहेको महालेखापरीक्षको ५९ औ बार्षिक प्रतिबेदनले औल्याएकोमा यस पालिकाले आर्थिक बर्ष २०७८।७९ को सुरु मौज्दात आम्दानी रु ७०३६६२० मात्र अल्या गरेको देखिएकोले रु ७६९६१५६३.७१ घटि अल्या गरेको देखिन्छ । यसले गर्दा पालिकाको कुल आम्दानी भन्दा खर्च बढि देखिन</td><td>७६,९६१,५६३</td></tr>
</table>

क्रम	भौचर नम्बर	भौचर मिति	बिषय	बेरुजु रकम
			गई पालिकाले पेश गरेको म.ले.प फाराम नं २७२ मा अन्तिम बैङ्क मौज्दात रु (३६५६४०४२.१४) ले ऋणात्मक हुन गएको देखियो कार्यालयको ११ वटा बैङ्क खाताको असार मसान्तको बैङ्क मौज्दात रु **४३५३११९७.७९** रहेकोले स्रेस्तामा भन्दा बैङ्क रु ८००९५२३९.९३ बढि देखिएकोले हिसाब मिलान गर्नु पर्दछ । पालिकाले रु ११३३००८४५ अन्तरसरकारी बित्तिय हस्तान्तरण सहित एकिकृत आर्थिक बिवरण पेश गरेको छैन भने लेखापरीक्षणको क्रममा त्रुटी सच्याई सुध्द आर्थिक बिवरण तयार गरी पेश गर्न सुझाव दिईएकोमा प्रतिबेदन जारी हुदा सम्म सुधार हुन सकेकोले प्रमाण पेश गर्नु पर्ने रु.	
५			संघीय सरकारको एकल कोष खाता अनुसार गाउँपालिकालाई संघीय सरकारले रु ४११२८९९८९ समानिकरण अनुदान निकासा प्रदान गरेको देखिए पनि गाउँपालिकाले रु ३८९४२५२२७.२७ मात्र आम्दानी बाँधेको देखिएकोले बाँकी रु २१८६४७६१.७३ आम्दानी बाँधन छुट भएको देखिएकोले आर्थिक बिवरणमा आम्दानी बाध्नु पर्ने रु...	२१,८६४,७६१
६			**धरौटी हिसाव मिलान गर्नु पर्नेः** प्रदेश १ आर्थिक कार्यबिधि नियमावली, २०७५ को नियम ३७(३) अनुसार सरकारी रकम खर्च गर्दा खर्चको बिल भरपाई सहित लेखा राख्नु पर्ने व्यबस्था छ । गाउँपालिकाको आर्थिक बिबरणमा धरौटीको श्रेस्ता बाँकी रु ९९९७६९० र बैकमा मौज्दात रु ९७६६७२७ रहेकोले फरक परेको रु २३०९२० को हिसाब मिलान गरी बिबरण पेश गर्नु पर्ने ।	
७			**अनुदानको अनुगमनः** – सार्वजनिक निकायबाट उपलब्ध गराईएको अनुदानको सही सदुपयोग भए नभएको एकीन गर्न अनुदान उपलब्ध गराउने निकायले समय समयमा अनुगमन गर्नुपर्दछ । पालिकाबाट वितरण भएको अनुदानको सहि सदुपयोग भए नभएको सम्बन्धमा अनुगमन तथा सोबाट प्राप्त उपलव्धी मापन गरेको छैन । साथै अनुदान सम्बन्धमा स्थानीय अनुदान नीति तय गरेको पाइएन । तसर्थ अनुगमनलाई प्रभावकारी वनाई संघ, प्रदेश तथा स्थानीय तहबाट वितरण हुने अनुदानमा दोहोरोपना नहुने गरी अनुदानग्राहीको जीबनस्तरमा सुधार आएको यकिन गरी रकमको पूर्ण सदुपयोग गराउनेतर्फ ध्यान दिनुपर्दछ ।	
८			**बजेट पेश, पारित र अख्तियारी** - स्थानीय सरकार संचालन ऐन, २०७४ को दफा ७१ मा स्थानीय तहले आगामी आर्थिक वर्षको राजश्व र व्ययको अनुमान कार्यपालिकाबाट स्वीकृत गराई असार १० गते भित्र पेश गर्ने र यसरी पेश भएको बजेट छलफल गरी असार मसान्तभित्र सभाबाट पारित गर्नुपर्ने व्यवस्था छ । सोही ऐनको दफा ७३ मा सभाबाट बजेट स्वीकृत भएको ७ दिनभित्र स्थानीय तहका प्रमुखले प्रमुख प्रशासकीय अधिकृतलाई बजेट खर्च गर्ने अख्तियारी प्रदान गर्नुपर्ने व्यवस्था छ । यस स्थानीय तहमा उप प्रमुखले २०७८।३।१० गते बजेट सभा समक्ष पेश गरेकोमा २०७८।३।१० मा पारित भएको छ । यसैगरी स्थानीय तहका प्रमुखले २०७८।०३।१७ मा प्रमुख प्रशासकीय अधिकृतलाई बजेट खर्च गर्ने अख्तियारी प्रदान गरेको देखिन्छ ।	

<table>
<tr><th>क्रम</th><th>भौचर नम्बर</th><th>भौचर मिति</th><th>बिषय</th><th>बेरुजु रकम</th></tr>
<tr><td>९</td><td></td><td></td><td>मध्यमकालिन खर्च संरचना : प्रदेश आर्थिक कार्यविधि ऐन, २०७४ को दफा ५ मा मध्यमकालिन खर्च संरचना तयार गर्नुपर्ने व्यवस्था छ। सो अनुसार पालिकाले उक्त योजना तयार गरेको देखिदैन । मध्यकालिन खर्च संरचनामा योजना वा कार्यक्रमको क्रियाकलापगत विवरण, सोको प्रति इकाई लागत, अनुमानित समय र सोबाट प्राप्त हुने प्रतिफल समेत खुलाई योजना तथा कार्यक्रमको प्राथमिकीकरण गर्नुपर्नेमा सो गरेको पाइएन।</td><td></td></tr>
<tr><td>१०</td><td></td><td></td><td>श्रोत अनुमान तथा वजेट सिमाः- स्थानीय सरकार संचालन ऐन, २०७४ को दफा ६६ वमोजिम गाउँपालिकामा प्राप्त हुने आन्तरिक आय, राजश्व बाँडफाँडवाट प्राप्त हुने रकम, अनुदान, ऋण र अन्य आयको प्रक्षेपण तथा सोको सन्तुलित वितरणको खाका र वजेट सिमा निर्धारण गर्न ४ सदस्यीय समिति गठनको व्यवस्था छ। उक्त समितिले आयको प्रक्षेपण, सन्तुलित वितरणमा वजेट सिमा निर्धारण, वजेट तथा कार्यक्रमको प्राथमिकिकरण, वजेट तर्जुमा मार्गदर्शन गर्नुपर्ने र कार्यपालिकामा पेश गर्ने कानुनी व्यवस्था रहेकोमा विषयगत क्षेत्र तथा पूर्वाधार क्षेत्रमा रकम विनियोजन गरी योजना छनौट तथा सोको प्राथमिकीकरण गरी आंशिक रुपमा कार्यान्वयनमा ल्याएता पनि ठुला पूर्वाधार क्षेत्रलाई वजेटको प्राथमिकतामा राखेको देखिएन । साना, ठुला, मझौला पूर्वाधार क्षेत्रको विकासमा वजेट व्यवस्थापन गरी आगामी दिनमा कार्यान्वयनमा ल्याउन ध्यान दिनुपर्ने देखिन्छ। पालिकाको प्राथामिकतामा पर्ने आयोजना कुन कुन हुन प्रक्षेपण गरी वजेट तथा श्रोतको प्राथमिकता तयार गरी योजना कार्यान्वयनमा ल्याउन आवश्यक छ।</td><td></td></tr>
<tr><td>११</td><td></td><td></td><td>चौमासिक पूँजीगत खर्च : पालिकाले स्वीकृत बजेट तथा कार्यक्रम अनुसार तोकेको अवधिमा कार्यक्रम कार्यान्वयन गरी कार्य सम्पन्न गर्नुपर्दछ । सुत्र अनुसार चौमासिक पुँजीगत खर्चको स्थिति देहाय बमोजिम छ । वर्षान्तमा हतारमा काम गराउँदा कामको गुणस्तरमा असर पर्ने देखिएकोले नियममा भएको व्यवस्था अनुरुप आषाढमा खर्च गर्ने परिपाटीमा नियन्त्रण गर्नुपर्दछ ।
<table>
<tr><th rowspan="2">पूँजीगत खर्च शीर्षक</th><th rowspan="2">कुल खर्च</th><th colspan="3">चौमासिक खर्च (रु.हजारमा)</th><th rowspan="2">आषाढ महिनाको मात्र खर्च</th></tr>
<tr><th>प्रथम चौमासिक</th><th>दोस्रो चौमासिक</th><th>तेसो चौमासिक</th></tr>
<tr><td>विभिन्न</td><td>२१३९३०</td><td>३६१४६</td><td>५२८६७</td><td>१२४९१७</td><td>६८५७७</td></tr>
<tr><td>खर्च प्रतिशत</td><td></td><td>१६.९०</td><td>२४.७१</td><td>५८.३९</td><td>३२.०६</td></tr>
</table></td><td></td></tr>
</table>

<table>
<tr><th>क्रम</th><th>भौचर नम्बर</th><th>भौचर मिति</th><th>बिषय</th><th>बेरुजु रकम</th></tr>
<tr><td>१२</td><td></td><td></td><td>क्षेत्रगत बजेट र खर्च- स्थानीय तहको एकीकृत, समानुपातिक र दिगो विकासका क्षेत्रगत रुपमा समानुपातिक बजेट विनियोजन गरी खर्च गर्नुपर्ने हुन्छ । यस पालिकाको २०७८।७९ को क्षेत्रगत बजेट र खर्चको स्थिति देहायअनुसार रहेको देखिन्छ ।
<table>
<tr><th>मुख्य क्षेत्र</th><th>वार्षिक वजेट (रु. हजारमा)</th><th>खर्च रकम (रु. हजारमा)</th><th>कुल खर्च मध्ये प्रतिशत</th></tr>
<tr><td>आर्थिक विकास</td><td>९२०४६</td><td>६६९१८</td><td>११.५४</td></tr>
<tr><td>सामाजिक क्षेत्र</td><td>३०२८००</td><td>२६९१३५</td><td>४६.४३</td></tr>
<tr><td>पूर्वाधार विकास क्षेत्र</td><td>१५७१५२</td><td>१११५७७</td><td>१९.२५</td></tr>
<tr><td>सुशासन र अन्तरसम्बन्धित क्षेत्र</td><td>१४०३६</td><td>११४९९</td><td>१.९८</td></tr>
<tr><td>कार्य सञ्चालन तथा प्रशासनिक खर्च</td><td>१२४८११</td><td>१२०५३७</td><td>२०.८०</td></tr>
<tr><td>जम्मा</td><td>६९०८४५</td><td>५७९६६६</td><td>१००</td></tr>
</table>
उपरोक्त तालिका बमोजिम सुशासन तथा अन्तरसम्बन्धित क्षेत्रमा सबै भन्दा कम १.९८ प्रतिशत र सामाजिक विकासमा सबैभन्दा बढी ४६.४३ प्रतिशत खर्च भएको छ ।</td><td></td></tr>
<tr><td>१३</td><td></td><td></td><td>आन्तरिक नियन्त्रण एवं वित्तीय उत्तरदायित्व र जवाफदेहिता :- आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व ऐन, २०७६ को दफा ५० देखि ५५ मा जिम्मेवार व्यक्तिले पालना गर्नुपर्ने वित्तीय उत्तरदायित्व, जिम्मेवारी र जवाफदेहिताको व्यवस्था गरेको छ। त्यसैगरी स्थानीय सरकार सञ्चालन ऐन २०७४ को दफा ७८ वमोजिम आन्तरिक नियन्त्रण प्रणाली तयार गरि लागु गर्नुपर्ने उल्लेख छ। यस पालिकाको लेखापरीक्षण गर्दा निम्न कामसँग सम्बन्धित ऐन नियमले तोके अनुसारको व्यवस्था पालना नगरेको वा आशिंक पालना गरेको र आन्तरिक नियन्त्रण प्रणाली तयार गरी कार्यान्वयन गरेको देखिएन। यसबाट सम्बन्धित काम मितव्ययी एवं प्रभावकारी ढङ्गले कार्यान्वयन भएको छ भनी विश्वस्त हुनुसक्ने आधार भएन । यसमा सुधार गरी कार्यालयबाट सम्पादन हुने कामलाई नियमीत, मितव्ययी एवं प्रभावकारी बनाउनुपर्दछ। पालिकाले कार्यान्वयन एवं सुधार गर्नुपर्ने व्यहोरा यस प्रकार छन्:-</td><td>•</td></tr>
</table>

क्रम	भौचर नम्बर	भौचर मिति	बिषय	बेरुजु रकम
			• पालिकाले जिन्सी सामानको एकीकृत विवरण तथा सहायक जिन्सी खाता अध्यावधिक गरी वडा कार्यालयमा रहेका जिन्सी सामान सहितको एकीकृत अभिलेख देखिने गरी खप्ने एवं खर्च हुने सामानको मूल जिन्सी खाता अध्यावधिक गरेको पाईएन । • स्थानिय तहले आफ्नो क्षेत्रमा कार्यान्वयन गर्नुपर्ने आयोजनाको बिश्लेषण गरी कार्यान्वयन गर्नुपर्ने सम्भाब्य आयोजनाको बैंक खडा गरेको देखिएन स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ११ अनुसार आफ्नो क्षेत्रभित्रको आधारभुत तथ्यांक संकलन,अभिलेखांकन र व्यवस्थापन गर्नुपर्ने सो गरेको पाईएन • पालिकाले २०७८।७९ को अवधिमा भएको आफ्नो आर्थिक कारोवारको अनुसुची २११ वमोजिम ढाँचामा वार्षिक प्रतिवेदन तयार गर्नुपर्नेमा गरेको पाईएन। • पालिकाले कार्यक्रमगत तथा योजनागत खाता राखेको पाईएन। साथै पालिकाबाट यस वर्ष संचालित कार्यक्रम तथा योजनाको कार्यान्यवयन र सेवा प्रवाह समेतको वार्षिक कार्यक्रम अनुसारको प्रगति तयार गरेको पाईएन। • राजस्व संकलन सम्बन्धमा सुचना प्रबिधिको प्रयोग गरी सबै कारोबार बैकिङ्ग प्रणाली मार्फत गर्ने गरेको देखिएन । • स्थानीय सरकार संचालन ऐन, २०७४ को दफा ७१ मा गाउपालिका तथा नगरपालिकाले आफ्नो अधिकारक्षेत्रभित्रका विषयमा स्थानीयस्तरको विकासका लागि आवधिक, वार्षिक, रणनीतिक क्षेत्रगत मध्यकालीन तथा दीर्घकालीन विकास योजना तयार गरी कार्यान्वयनमा ल्याउनुपर्नेमा ल्याएको पाईएन । • दिगो विकास योजना (२०१५-३०) कार्यान्वयन गर्ने सन्दर्भमा लक्ष्यलाई आन्तरिकीकरण गर्ने र मध्यकालिन लक्ष्यहरु तोकि मुल्याङ्कन गर्ने कार्य भएको देखिएन । • कुनै रकमको भुक्तानी दिंदा रित पुगेको वा नपुगेको जाँच गरी रसिद विल भर्पाइहरुमा सिलसिलेवार नम्वर राखि कार्यालय प्रमुखले तोकेको कर्मचारीले भुक्तानी भएको जनाउने छाप समेत लगाई दस्तखत गरी प्रमाणित गर्नुपर्नेमा सो अनुसार गरेको पाईएन । • सार्वजनिक खरिद नियमावली, २०६४ को नियम ७ र ८ मा खरिद को गुरुयोजना र वार्षिक खरिद योजना तयार गर्नुपर्नेमा तयार गरेको पाईएन। • ठेक्का वा उपभोक्ताबाट हुने कामको निर्माण सुरु, लागत, सम्पन्न हुने मिति लगायत विस्तृत विवरण देखिने गरी ठेक्का अभिलेख खाता राखेको पाईएन।	

क्रम	भौचर नम्बर	भौचर मिति	बिषय	बेरुजु रकम
			• स्थानीय तहले निर्माण व्यवसायी तथा उपभोक्ता समिति मार्फत कार्य गराएकोमा निर्माण कार्यमा प्रयोग हुने सामानको गुणस्तर परीक्षण गर्ने गरेको छैन। • स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ७४(२)अनुसार सार्वजनिक खरिद नियमावली वनाई लागु गर्नसक्ने व्यवस्था भएकोमा सार्वजनिक खरिद नियमावली वनाएको छैन। • सार्वजनिक खरिद नियमावली, २०६४ को नियम ९७ अनुसार यस वर्ष कार्यसम्पन्न भएका आयोजना तथा कार्यक्रमहरु उपभोक्ता समितिलाई मर्मत संभार गर्ने जिम्मासहित हस्तान्तरण गर्नुपर्नेमा गरेको पाईएन । साथै उपभोक्ता समितिबाट गरेको कामको प्राविधिक मूल्याङ्कन बिल भरपाई खर्च प्रमाणित गर्ने कागजातहरु समितिबाट आंशिक रुपमा अनुमोदन हुने गरेको । • संस्था दर्ता ऐन, २०३४ को दफा ३ अनुसार पालिकाबाट संचालन भएका विभिन्न योजना निर्माण गर्न सम्झौता गरी गठन गरेका उपभोक्ता समिति ऐनको व्यवस्था अनुसार दर्ता हुने गरेको पाइएन । • सुशासन व्यवस्थापन तथा सञ्चालन नियमावली, २०६५ अनुसार नागरिक वडापत्रमा उल्लेखित सेवाहरुको कार्यान्वयन स्थिती अनुगमन गर्न अनुगमन संयन्त्र तयार गरेको पाईएन । • निजामती सेवा ऐन, २०४९ वमोजिम कर्मचारीहरुको कार्यविवरण वनाई लागु गर्नुपर्नेमा गरेको पाईएन । • पालिकाको उद्देश्य प्राप्तीमा आई पर्ने सम्भावित जोखिम क्षेत्रहरुको पहिचान गरी सो निराकरणको लागि उपयुक्त उपायहरु व्यवस्थित गरेको पाइएन । • भ्रमण खर्च नियमावली २०६४ बमोजिम भ्रमण अभिलेख राख्ने र भ्रमण प्रतिवेदन पेश गर्ने गरेको छैन । • कार्यालयले गत विगतको बेरुजु र संपरीक्षणको अभिलेख राख्ने गरेको छैन । • वडामा उठ्ने राजस्वको लक्ष्य निर्धारण गरेको छैन । • कोषहरु कार्यान्वयन गर्न कार्यविधि कानून बनाउनु पर्नेमा बनाएको पाइएन । • आर्थिक वर्षको अन्तमा खर्चको चाप हुने गरी काम गराउने कार्य नियन्त्रण गर्नुपर्नेमा सो गरेको छैन । • राजस्व प्राप्तीको दायरालाई प्राथमिकीकरण गरी कार्यान्वयनमा ल्याएको छैन। • आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व ऐन, २०७६ को दफा ४ बमोजिम सबै श्रोतबाट भएको प्राप्ति र खर्चको विवरण प्रदेश लेखा नियन्त्रक तथा कोष तथा लेखा नियन्त्रक कार्यालयमा।पठाउनुपर्नेमापठाएकोछैन। • विद्यार्थी तथा शिक्षक अनूपात नभिडेको विद्यालय मर्जरको कार्यक्रम अगाडी वढाएको देखिएन । • अवकास कोष सम्वन्धि कानूनी व्यवस्था कार्यान्वयन गरेको पाइएन ।	

क्रम	भौचर नम्बर	भौचर मिति	बिषय	बेरुजु रकम
			• आर्थिक कार्यविधि नियमावली, २०६४ को नियम ९२ बमोजिम विनियोजन, राजश्व, धरौटी, जिन्सी र अन्य कारोवारको श्रेस्ता महालेखा परीक्षकको कार्यालयबाट स्वीकृत ढाँचामा राख्नुपर्ने र यसरी राखेको लेखा श्रेस्ता अद्यावधिक भए नभएको कार्यालय प्रमुखले जाँच गर्नुपर्ने व्यवस्था कार्यान्वयन गरेको पाईएन। • ईन्धन खर्चको लगबुक अद्यावधिक नभएको । • सवारी साधनको मर्मत अभिलेख अद्यावधिक गरी राख्ने गरेको छैन । • खर्चका बिलभरपाईहरुको तेरिज बनाइ गोश्वारा भौचरसाथ राख्ने नगरेको।	
१४			**आन्तरिक लेखापरीक्षण** : स्थानीय तह संचालन ऐन, २०७४ को दफा ७७ (२) मा स्थानीय तहले आर्थिक कारोबारको नियमितता, मितव्ययिता, कार्यदक्षता र प्रभावकारीताको आधारमा प्रत्येक चौमासिक समाप्त भएको एक महिना भित्र आन्तरिक लेखापरीक्षण गराउनु पर्ने उल्लेख छ। यस पालिकाले २०७८।७९ को सामाजिक सुरक्षा तथा संरक्षण, एकीकृत स्वास्थ्य पूर्वाधार कार्यक्रम बाहेक अन्य सुत्र बाट भएको आर्थिक कारोबारको आन्तरिक लेखापरीक्षण गराएको छैन। सबै कारोबारको आन्तरिक लेखापरिक्षण गराउने व्यवस्था कार्यान्वयन गराउनु पर्दछ ।	
१५			पालिकाले सार्वजनिक सम्पत्ति व्यवस्थापन प्रणाली पुर्ण रुपमा लागु नगरेको कारण पालिकाको सम्पुर्ण सार्वजनिक सम्पती तथा सोको मौद्रिक मुल्य सम्वन्धमा एकिन गर्न सकिएन। पालिकाले सार्वजनिक सम्पती व्यवस्थापन प्रणाली(**PAMS**) पुर्ण रुपमा लागु गरी सार्वजनीक सम्पतीको अभिलेख तथा संरक्षण गर्नुपर्दछ। नियम, कानुन र निर्देशिका अनुसार कार्यान्वयन गर्नुपर्ने उपरोक्त व्यहोरा पूर्णरुपमा कार्यान्वयन नगरेका कारण वित्तीय उत्तरदायित्व, जिम्मेवारी एवं जवाफदेहिताको पालनामा कमी आएको हुँदा जिम्मेवार पदाधिकारीले कामको प्रकृति अनूरुप आन्तरिक नियन्त्रण प्रणालीलाई तोकीए बमोजिम प्रभावकारी र विश्वशनीय बनाइ सेवाप्रवाह सुदृढ बनाउनेतर्फ ध्यान दिनुपर्ने देखिन्छ।	
१६			**विज्ञापन कर**: प्रदेश आर्थिक ऐन, २०७८ को दफा दफा ९ मा प्रदेश भित्र राखिने होडिङबोर्ड, साइनबोर्ड, ब्यानर, ट्राइभिजन बोर्ड, ग्लो बोर्ड, डिजिटल बोर्ड, स्टल, धातुको फ्रेम वा कुनै स्थानमा लगाउने लेखे वा बिद्युतिय तरंग प्रयोग गरिएको प्रचार सामाग्रि गरिएको बिज्ञापनमा स्थानिय तहले निर्धारण गरे बमोजिम पालिकाले संकलन गरी चालिस प्रतिशत प्रदेश सञ्चित कोषमा दाखिला गनुपर्ने ब्यबस्था छ । आर्थिक वर्ष २०७८।७९ मा पालिकाले यस्ता प्रकारका कूनैपनि कर संकलन गरेको नपाईएकोले आफ्नो क्षेत्रभित्रवाट उठ्नु पर्ने बिज्ञापन कर एकिन गरि असुल गर्नुपर्दछ ।	

क्रम	भौचर नम्बर	भौचर मिति	बिषय	बेरुजु रकम
१७			**कर तथा शुल्क असुली -** स्थानीय सरकार संचालन ऐन, २०७४ को दफा ५५, ५७, ५८ र ५९ मा एकीकृत सम्पत्ति कर र घरजग्गा कर, घरजग्गा वहाल कर, व्यवसाय कर र वहाल विरौटी शुल्क उठाउने व्यवस्था रहेको छ । ती आय शीर्षकमा आय अनुमान र असुली स्थिति निम्नानुसार रहेको देखिन्छ ।	

राजस्व उपशीर्षक	अनुमानित बजेट	प्राप्त रकम रु.	आम्दानी प्रतिशत
११३१३ एकीकृत सम्पती कर	6000000.00	398405.00	6.64
११३१४ भुमिकर/मालपोत	300000.00	4381913.76	1460.64
११३२१ घरवहाल कर	200000.00	337364.71	168.68
११४७९ अन्य मनोरञ्जन कर	50000.00	0.00	0.00
१४१५३ बाँडफाँड भई प्राप्त वन रोयल्टी	19955.97	19955.97	100.00
१४२११ कृषि उत्पादनको बिक्रीबाट प्राप्त रकम	1800000.00	296111.00	16.45
१४२१९ अन्य सेवा शुल्क तथा बिक्री	630000.00	168828.58	26.80
१४२४१ पार्किङ्ग शुल्क	0.00	0.00	0.00
१४२४२ नक्सापास दस्तुर	0.00	0.00	0.00
१४२४३ सिफारिश दस्तुर	500000.00	1244587.77	248.92
१४२४४ व्यक्तिगत घटना दर्ता दस्तुर	100000.00	33350.00	33.35
१४२५३ व्यावसाय रजिष्ट्रेशन दस्तुर	100000.00	20900.00	20.90

<table>
<tr><th>क्रम</th><th>भौचर नम्बर</th><th>भौचर मिति</th><th>बिषय</th><th>बेरुजु रकम</th></tr>
<tr><td></td><td></td><td></td><td>
<table>
<tr><td>१४२६३ जलस्रोत सम्बन्धी अन्य दस्तुर</td><td>20000.00</td><td>0.00</td><td>0.00</td></tr>
<tr><td>जम्मा</td><td>9719955.97</td><td>6901416.79</td><td>71.00</td></tr>
</table>
पालिका भित्र रहेका करदाताहरुको अभिलेख व्यवस्थित नरहेको एवं बुझाउन ल्याएको अवस्थामा मात्र कर एवं शुल्क बुझी परिपाटी रहेकोले उल्लिखित असुली यथार्थ मान्न सक्ने अवस्था देखिएन ।तसर्थ आफ्नो क्षेत्रभित्र करदाताको अभिलेख अद्यावधिक गरी करको दायारामा ल्याउनु पर्दछ ।</td><td></td></tr>
<tr><td>१८</td><td></td><td></td><td>मनोरञ्जन करः- प्रदेश आर्थिक ऐन २०७८ को दफा दफा ५ मा मनोरञ्जन स्थल (सिनेमा, नाचगान, अपेरा ,थिएटर, सर्कस, चटक, खेल, प्रर्दशनी, कन्सर्ट, फनपार्क, वाटरगार्डेन, उद्यान र अरु प्रकारका मनोरञ्जन) मा प्रवेश गरेबापत अनुसुचि ३ बमोजिम चलचित्र, सांस्कृतिक प्रदशर्न, दाहोरी साांझ, डान्सवार, कन्सर्ट, नाटकघर ,भिडियोघर, थ्रियटर, पार्क तथा जादू सर्कस आदिको प्रवेश तथा संचालन शुल्कमा मनोरञ्जन कर लगाइने र पालिकाबाट संकलन गरी चालिस प्रतिशत माशिक रुपमा प्रदेश सञ्चित कोषमा दाखिला गनुपर्ने ब्यबस्था छ । आर्थिक वर्ष २०७८।७९ मा पालिकाले यस्ता प्रकारका कुनै पनि कर संकलन गरेको नपाईएकोले आफ्नो क्षेत्रभित्रवाट उठ्नु पर्ने मनोरञ्जन कर एकिन गरि असुल गर्नुपर्दछ ।</td><td></td></tr>
<tr><td>१९</td><td></td><td></td><td>बडाको राजश्व दाखिलाः २ वटा वडाहरुको राजश्व दाखिलाको मूल्याङ्कन गर्दा महिनामा एक पटक मात्र दाखिला गरेको देखियो । राजश्व सफ्टवेयर प्रयोगमा ल्याई २०७८ माघ देखि राजश्व आम्दानी गर्ने गरेको पाईयो । राजश्व दाखिला कानुन अनुसार भोलिपल्ट सम्म गर्नु पर्ने र राजश्व असुली सफ्टवेयरलाई ई-बैङ्किङसंग जोडेर सेवाग्राही मैत्री र नगदरहित बनाउनु पर्ने देखिन्छ।</td><td></td></tr>
<tr><td>२०</td><td></td><td></td><td>पेश्की बाँकीः आर्थिक कार्यबिधि तथा बित्तिय उत्तरदायित्व नियमावली, २०७७ को नियम ५१(१) बमोजिम सरकारी रकम पेश्की लिने सरकारी कर्मचारी वा अन्य जुनसुकै व्यक्तिले यस नियमावलीमा तोकिएको म्याद भित्र पेश्की फछ्यौटका लागि आबस्यक कागजात पेश नगरेमा त्यस्तो पेश्की रकममा म्याद नाघेको मितिले बार्षिक १०% व्याज सहित जोडी असुल गर्नुपर्ने व्यवस्था छ ।यस गाउँपालिकाले आर्थिक बर्ष २०७८।७९ मा बिभिन्न ब्यक्ति, फर्म र निर्माण व्यबसायीलाई दिईएको पेश्की मध्ये फछ्यौट भई बाँकी रहेको निम्नानुसारका पेश्की रकम नियमावलीको व्यबस्था अनुसार फछ्यौट गर्नु पर्दछ।
<table>
<tr><td>सि.न</td><td>फर्मको नाम</td><td>पेश्की बाँकी</td><td>कैफियत</td></tr>
</table></td><td></td></tr>
</table>

<table>
<tr><th>क्रम</th><th>भौचर नम्बर</th><th>भौचर मिति</th><th>बिषय</th><th>बेरुजु रकम</th></tr>
<tr><td></td><td></td><td></td><td>
<table>
<tr><td>१</td><td>सि.एम कृष्ण लक्ष्मी जे.भी</td><td>२१७००००००</td><td>मोबिलाईजेशन पेश्की</td></tr>
<tr><td>२</td><td>सिध्दबाबा कन्स्ट्रक्सन प्रा.लि</td><td>२४५००००</td><td>मोबिलाईजेशन पेश्की</td></tr>
<tr><td colspan="2">जम्मा</td><td>२४१५००००</td><td></td></tr>
</table>
</td><td></td></tr>
<tr><td>२१</td><td></td><td></td><td>जिल्ला दररेट भन्दा बढि भुक्तानीः प्रदेश १ आर्थिक कार्यबिधि नियमावली, २०७५ को नियम ३७(३) अनुसार सरकारी रकम खर्च गर्दा खर्चको बिल भरपाई सहित लेखा राखु पर्ने व्यबस्था छ । कोक्लेबुङ्ग-बाझगरा साधने आरुबोटे मोटरबाटो मर्मत उ.स ले गजुरमुखी माई निर्माण सेवा कम्पनी दमक को बिजक नं ०१०(२०७८।१२।१८) बाट एक्साभेटर ४७१.८४ घण्टा चालएको बिजक दर ४७०० प्रति घण्टा(भ्याट बाहेक) राखी जिल्ला दररेट ३७१७.६९ रु भन्दा ९८२.३१ बढि भुक्तानी दिएको देखिएकोले रु ४६३४९३.१५ बढि भुक्तानी भएको असुल उपर गर्नुपर्ने रु.</td><td>४६३,४९३.१५</td></tr>
<tr><td>२२</td><td></td><td></td><td>प्रत्यक्ष खरिदः सार्बजिकन खरिद ऐन, २०६३ को दफा ८(२) अनुसार प्रतिश्पर्धालाई सिमित गर्ने गरी टुक्रा टुक्रा पारी खरिद गर्न नहुने व्यबस्था छ । यस गाउँपालिकाले रिजालको फोनिक्स पोलीपार्क ईन्डष्ट्रिज संग रु ३३७२५४२.५२(भ्याट पि.एस बाहेक) ठेक्का स्विकृत गरी आठ वटा आईटम पाईप खरिद गर्दा सोही कम्पनीसंग सोही ठेक्काकै दररेटमा रु १४२६३७६.४० सिधै खरिद गरेको देखिएकोले नियम बिपरित खरिद गरेको रु.</td><td>१,४२६,३७६.४</td></tr>
<tr><td>२३</td><td></td><td></td><td>उपभोक्ता समितिले मेशिन प्रयोग गरेकोः सार्बजनिक खरिद नियमावली, २०६४ को नियम ९७(९) अनुसार उपभोक्ता समिति मार्फत सञ्चालन गरिने निर्माण कार्यमा एक्साभेटर, लोडर, डोजर जस्ता मेशिनको प्रयोग गर्न सकिदैन भन्ने व्यबस्था छ । यस गाउँपालिकाले निम्न बमोजिमको निर्माण/मर्मत कार्य गर्दा मेशिन प्रयोग गर्ने उपभोक्ता समितिलाई रु ५३७७८६९.३० भुक्तानी दिएकोले अनियमित भएको रु.
<table>
<tr><th>क्र.स</th><th>मिति/भौ.न</th><th>उ.स.कोनाम</th><th>वडा</th><th>कार्यक्रम</th><th>मेशिनकोभूक्तानी (मु.अ. कर सहित)</th></tr>
<tr><td>1</td><td>2078/06/17-16</td><td>हुलाकजयमले देउराली शिवालय भञ्याङ मोटरबाटो स्तरोन्नति</td><td>5</td><td>गा.पा.पुँजिगत</td><td>1,020,105.24</td></tr>
</table>
</td><td>५,३७७,८६९.३</td></tr>
</table>

क्रम	भौचर नम्बर	भौचर मिति	बिषय	बेरुजु रकम

2	2078/06/07-5	सुलुम्फीसेवा अफ्ठ्यारे दशमी मोटरबाटि नयाँ ट्र्याक ओपन	2	गा.पा.पुँजिगत	889,875.00
3	2078/08/02-42	सरस्वतिआ.वि. लुमाङदिनको खेल मैदान मर्मत	7	गा.पा.पुँजिगत	314,359.80
4	2078/09/05-77	मसानढोकाघुमाउने वि.क. टोल देउरालि मो.बा मर्मत	3	गा.पा.पुँजिगत	61,020.00
5	2078/08/16-68	मिक्लाजुङ-४, सडक मर्मत	4	गा.पा.पुँजिगत	503,076.00
6	2078/10/04-115	कार्की चौकडाँडागाउँ सडक स्तरोन्नति	8	गा.पा.पुँजिगत	376,381.50
7	2078/10/04-125	मौवाडाँडाचिलाउने डाँडा हँसारीखोला सडक मर्मत	8	गा.पा.पुँजिगत	126,040.20
8	2078/10/04-123	सिरिङडाँडामालबासे सडक निर्माण	8	गा.पा.पुँजिगत	126,198.50
9	2078/10/04-119	सिर्जनागोरखा हात्तिभञ्याङ सडक मर्मत	8	गा.पा.पुँजिगत	187,944.76
10	2078/12/02-239	रवि जुक्तेसडक मर्मत	4	गा.पा.पुँजिगत	126,786.00
11	2078/12/02-237	महारानीधारा कल्भर्ड तथा बाटो मर्मत	4	गा.पा.पुँजिगत	37,290.00
12	2078/12/21-334	मिक्लाजुङगा.पा. वडा नं ६ को सडकहरु मर्मत	6	गा.पा.पुँजिगत	504,262.50

<table>
<tr><th>क्रम</th><th>भौचर नम्बर</th><th>भौचर मिति</th><th>बिषय</th><th>बेरुजु रकम</th></tr>
<tr><td></td><td></td><td></td><td>
<table>
<tr><td>13</td><td>2078/12/21-324</td><td>रवि बजाररिङरोड ट्र्याक ओपन</td><td>4</td><td>गा.पा.पुँजिगत</td><td>1,104,529.80</td></tr>
<tr><td></td><td></td><td></td><td></td><td></td><td>5,377,869.30</td></tr>
</table>
</td><td></td></tr>
<tr><td>२४</td><td></td><td></td><td>प्रतिश्पर्धा बिपरित खरिदः शिक्षाको कार्यक्रम कार्यान्वयन पुस्तिकाको बुँदा नं ९.७ अनुसार आई.सि.टि खरिदको लागि बिद्यालयहरुले सार्बजनिक खरिद कानुन तथा बिद्यालय खरिद दिग्दर्शनको परिपालना गर्नुपर्ने व्यबस्था छ । यस गाउँपालिकाले २०७८।७९मा तीन बिद्यालयहरुलाई प्रति बिद्यालय रु ६५००००० को दरले उपलब्ध गराएको आई.सि.टि अनुदानको खरिद गर्दा सामान्य कोटेशन बिधिबाट सिधै खरिद गरेको देखिएकोले सार्बजनिक खरिद कानून अनुसार रु १९५०००० को खरिद गर्दा प्रतिश्पर्धा (सिलबन्दी कोटेशन, टेण्डर) नगराएकोले नियमसम्मत नभएको भुक्तानी रु.</td><td>१,९५०,०००</td></tr>
<tr><td>२५</td><td></td><td></td><td>मूल्य समायोजनः जि.सि.सि ५३ अनुसार मूल्य समायोजन गर्दा बढेको र घटेको समेत समेटेर भुक्तानी गर्नु पर्नेमा गाउँपालिकाले गाउँपालिका भबन निर्माण ठेक्कामा निर्माण कम्पनी सिध्दबाबा कन्स्ट्रक्सन प्रा.लि को भुक्तानीमा मूल्य समायोजन गर्दा पहिलो बिलमा मूल्य समायोजन फ्याक्टर ऋणात्मक भएकोमा सो बिल समाबेश नगरी बाँकी बढेको मूल्यको मात्र हिसाब गरी भुक्तानी गरेकोले कार्यालयले भुक्तानी गरेको रु ७१५९८३.२५ मा पहिलो बिलको ऋणात्मक भएको मू.अ कर बाहेक रु ६२४३६.८० बढि भुक्तानी भएकोलेघ भ्याट सहित रु ९२४७८.२४ बढि भुक्तानी भएकोले असुल उपर गर्नु पर्ने रू.</td><td>९२,४७८.२४</td></tr>
<tr><td>२६</td><td></td><td></td><td>बढि मोबिलाईजेशन भुक्तानीः सार्बजनिक खरिद ऐन, २०६३ को दफा ५२ क तथा नियमावली, २०६४ को नियम ११३ अनुसार भ्याट र पि.एस बाहेकको सम्झौतामा २० प्रतिशतमा नबढ्ने गरी मोबिलाईजेशन पेश्की भुक्तानी दिनुपर्ने व्यबस्था छ । यस गाउँपालिकाले निम्न बमोजिमको ठेक्का सम्झौता गर्दा नियम बिपरीत रु बढि मोबिलाईजेशन पेश्की भूक्तानी गरेकोले असुल उपर गर्नु पर्ने रु
<table>
<tr><td>सि.न</td><td>ठेक्का</td><td>फर्मको नाम</td><td>बढि मोबिलाईजेशन भुक्तानी</td></tr>
<tr><td>१</td><td>जोगीडाँडाँ कोख्ले सडक</td><td>जानुका बिल्डर्स प्रा.लि</td><td>७२०५२</td></tr>
<tr><td>२</td><td>१५ शैयाको आधारभूत अस्पताल</td><td>सि.एम कृष्ण लक्ष्मी जे.भी</td><td>५३८२६.७७</td></tr>
</table>
</td><td>४०६,५८१.३४</td></tr>
</table>

<table>
<tr><th>क्रम</th><th>भौचर नम्बर</th><th>भौचर मिति</th><th>बिषय</th><th>बेरुजु रकम</th></tr>
<tr><td></td><td></td><td></td><td>
<table>
<tr><td>३</td><td>दूर्दिम्बा स्वास्थ्य चौकी भवन</td><td>जानुका विल्डर्स प्रा.लि</td><td>२८०७०२.५७</td></tr>
<tr><td colspan="3">जम्मा</td><td>४०६५८१.३४</td></tr>
</table>
</td><td></td></tr>
<tr><td>२७</td><td></td><td></td><td>प्रमाण संलग्न नभएको:प्रदेश १ आर्थिक कार्यबिधि नियमावली, २०७५ को नियम ३७(३) अनुसार सरकारी रकम खर्च गर्दा खर्चको बिल भरपाई सहित लेखा राख्नु पर्ने व्यवस्था छ । भौ.न ६(२०७८।१२।१०) प्रदेश चालु तर्फ टुल्स खरिद बापत एस.डि.सि कार्यक्रमको रु ५१४९८३ भुक्तानी गरेको देखिएकोमा दाखिला र हस्तान्तरण गरेको प्रमाण संलग्न गरेको नदेखिएको रु.</td><td>५१४,९८३</td></tr>
<tr><td>२८</td><td></td><td></td><td>मोबिलाईजेशन कट्टीः जि.सि.सि ५७.३ अनुसार ८०% कार्य सम्पन्न हुदा मोबिलाईजेशन पेश्की कट्टी गरिसक्नु पर्ने उल्लेख भएकोले गाउँपालिकाको प्रशासनिक भवन ठेक्कामा सिध्दबाबा कन्स्ट्रक्सन प्रा.लि को ८५.१५% कार्य सम्पन्न भईसक्दा पनि रु २४५०००० मोबिलाईजेशन पेश्की बाँकी रहेकोले फछ्यौट गरीहाल्नुपर्ने मोबिलाईजेशन पेश्की रु.</td><td>२,४५०,०००</td></tr>
<tr><td>२९</td><td></td><td></td><td>एक्साभेटरको बढि भुक्तानी:प्रदेश १ आर्थिक कार्यबिधि नियमावली, २०७५ को नियम ३७(३) अनुसार सरकारी रकम खर्च गर्दा खर्चको बिल भरपाई सहित लेखा राख्नु पर्ने व्यवस्था छ । कुरुम्बा, मोबाखोला, वार्सिद सडक मर्मत उपभोक्ता समितिलाई भौ.न २३(२०७९।२।२५) प्रदेश सरकार पूँजीगत स्रोत बाट बिपतको समयमा बाटो मर्मत गरे बापत के.एण्ड के कन्स्ट्रक्सनलाई जिल्ला दररेट ३७१७.६९ भन्दा रु ४८२.३१ को दरले रु ४२०० प्रति घण्टाको दरले ६१८ घण्टाको भुक्तानी दिदा रु २९८०६७.५८ बढि भुक्तानी भएकोले असुल उपर गर्नु पर्ने रु.</td><td>२९८,०६७.५८</td></tr>
<tr><td>३०</td><td></td><td></td><td>नागरिक आबास कार्यक्रमः सुरकक्षित नागरिक आवास कार्यान्वयन कार्यबिधि, २०७५ को नियम ६ अनुसार प्रथम किस्ता भुक्तानी लिएको ३ महिना सम्म कार्य सम्पन्न नभएमा लाभग्राहीबाट स्थानिय सरकारले रकम असुल उपर गर्नु पर्ने व्यवस्था छ ।सुरक्षित नागरिक आवास कार्यक्रमको पेश्की रु ३०००० भुक्तानी भएको बाट कार्य सम्पन्न नभएको निम्न बमोजिमका ४२ व्यक्तिहरुबाट रु १२६०००० कार्य सम्पन्न गराउनु पर्ने अन्यथा असुलउपर गर्नु पर्ने रु.
<table>
<tr><th>सि.नं.</th><th>लाभग्राहीकोनाम</th><th>ठेगाना</th><th>वडा नं</th><th>रकम</th></tr>
<tr><td>१</td><td>हेमराजसिंधक</td><td>मिक्लाजुङ</td><td>8</td><td>30000</td></tr>
<tr><td>२</td><td>दिपक दमाई</td><td>मिक्लाजुङ</td><td>8</td><td>30000</td></tr>
</table>
</td><td>१,२६०,०००</td></tr>
</table>

क्रम	भौचर नम्बर	भौचर मिति	बिषय	बेरुजु रकम

३	मंगली मायालावती	मिक्लाजुङ	8	30000
४	विमल कुरुम्बाङ	मिक्लाजुङ	3	30000
५	सिंगबहादुर तामाङ	मिक्लाजुङ	3	30000
६	मन कुमारराई	मिक्लाजुङ	1	30000
७	मन कुमारराई	मिक्लाजुङ	2	30000
८	जस बहादुर आङदेम्बे	मिक्लाजुङ	2	30000
९	चित्रबहादुर अधिकारी	मिक्लाजुङ	2	30000
१०	पुर्णकुमार आङदेम्बे	मिक्लाजुङ	2	30000
११	कमला देवीआङदेम्बे	मिक्लाजुङ	2	30000
१२	चित्रबहादुर सम्बाहाम्फे	मिक्लाजुङ	2	30000
१३	समलाल तामाङ	मिक्लाजुङ	7	30000

क्रम	भौचर नम्बर	भौचर मिति	बिषय	बेरुजु रकम

१४	जानुका तामाङ	मिक्लाजुङ	7	30000
१५	गंगाप्रसाद तामाङ	मिक्लाजुङ	7	30000
१६	लक्षमाया माखिम	मिक्लाजुङ	7	30000
१७	प्रेमबहादुर तामाङ	मिक्लाजुङ	7	30000
१८	भुपाल विश्वकर्मा	मिक्लाजुङ	7	30000
१९	जंगतबहादुर तामाङ	मिक्लाजुङ	7	30000
२०	चैत्रबहादुर तामाङ	मिक्लाजुङ	7	30000
२१	पदम प्रसाद घिमिरे	मिक्लाजुङ	7	30000
२२	मन हाङचेम्जोङ	मिक्लाजुङ	7	30000
२३	रत्नबहादुर तामाङ	मिक्लाजुङ	7	30000
२४	कुल बहादुर थापा	मिक्लाजुङ	7	30000

क्रम	भौचर नम्बर	भौचर मिति	बिषय					बेरुजु रकम
			२५	विना थेगिम	मिक्लाजुङ	7	30000	
			२६	देविमायाचम्लागाई	मिक्लाजुङ	7	30000	
			२७	सुविनालावती	मिक्लाजुङ	7	30000	
			२८	हस्तबहादुर दमाई	मिक्लाजुङ	7	30000	
			२९	गोपालबिश्वकर्मा	मिक्लाजुङ	7	30000	
			३०	हर्कबहादुर तामाङ	मिक्लाजुङ	7	30000	
			३१	देवी मायाकार्की	मिक्लाजुङ	7	30000	
			३२	डिल्लीबहादुर थापा	मिक्लाजुङ	7	30000	
			३३	बुद्धिलालमुसाङ	मिक्लाजुङ	8	30000	
			३४	केवलप्रसाद पौडेल	मिक्लाजुङ	8	30000	
			३५	कर्णबहादुर इम्सम	मिक्लाजुङ	8	30000	

<table>
<tr><th>क्रम</th><th>भौचर नम्बर</th><th>भौचर मिति</th><th>बिषय</th><th>बेरुजु रकम</th></tr>
<tr><td></td><td></td><td></td><td>
<table>
<tr><td>३६</td><td>जंग बहादुर लिम्बू</td><td>मिक्लाजुङ</td><td>8</td><td>30000</td></tr>
<tr><td>३७</td><td>डिल्लीबहादुर मगर</td><td>मिक्लाजुङ</td><td>8</td><td>30000</td></tr>
<tr><td>३८</td><td>अमृतबहादुर पयाङगु</td><td>मिक्लाजुङ</td><td>8</td><td>30000</td></tr>
<tr><td>३९</td><td>अगमविर लावती</td><td>मिक्लाजुङ</td><td>8</td><td>30000</td></tr>
<tr><td>४०</td><td>चन्द्रकुमार श्रेष्ठ</td><td>मिक्लाजुङ</td><td>8</td><td>30000</td></tr>
<tr><td>४१</td><td>प्रतिभाकुमार कुरुम्वाङ</td><td>मिक्लाजुङ</td><td>8</td><td>30000</td></tr>
<tr><td>४२</td><td>नरेन्द्रकुमार श्रेष्ठ</td><td>मिक्लाजुङ</td><td>8</td><td>30000</td></tr>
<tr><td colspan="4">जम्मा</td><td>1260000</td></tr>
</table>
</td><td></td></tr>
<tr><td>३१</td><td></td><td></td><td>पन्ध्र शैयाको अस्पताल भवनः
